नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु, तौलिहवा

फ्याक्स नं.: ०७६-५६००५१
प्र.जि.अ. निवास:- ०७६-५६०१७०
प्र.जि.अ. कक्ष:- ०७६-५६०१५९
कार्यालय:- ०७६-५६०१५८
कार्यालय:- ०७६-५६०२३०
कार्यालय:- ०७६-५६०११५
कार्यालय:- ०७६-५६०४४५

पत्र संख्या:-०७८।७९

मिति २०७८।०६।२२

## जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुको जरुरी सूचना !

२०७८ सालको बडा दशैं, तिहार र छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण कपिलवस्तु जिल्लावासीहरुमा मंगलमय शुभकामना व्यक्त गर्दै सम्बन्धित सबैको जानकारीको लागि तपसिल बमोजिम गर्नु गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

<u>तपसिल</u>

१. कोभिड-१९ को संक्रमणलाई ध्यान दिंदै स्वास्थ्य सुरक्षा मापदण्ड अपनाउन तथा अनावश्यक भिडभाड नगर्नु / नगराउनु हुन र भिडभाडमा नजानु हुन।

२. हालै कृष्णनगर क्षेत्रमा झाडापखालाको प्रकोप देखिएकोले त्यहाँ लगायत अन्यत्र पनि यस्ता प्रकोप वा घटना हुन सक्ने भएकोले स्वच्छ, सफा, स्वस्थकर खानेकुरा खान र सरसफाईमा बिशेष ध्यान दिनु हुन।

३. आफ्ना चाडपर्वहरु मनाउँदा सकभर घरभित्र, परिवारजनमा मनाउनु हुन र सार्वजनिक स्थलहरुमा अनावश्यक भिडभाड नगर्नु / नगराउनु हुन।

४. यात्रा गर्दा प्रतिष्पर्धात्मक रूपले तीव्र गतिमा सवारी साधन चलाउने (Over-speed), जथाभावी रूपले ओभरटेक (Overtake) र अधिक भारवाहन (Overload) नगर्नु/ नगराउनु हुन र सार्वजनिक यात्रुवाहक सवारी साधनमा सवार हुँदा अपरिचित ब्यक्तिले दिएको कुनै पनि चिज नखानु हुन।

५. दुर्गा पूजा व्यवस्थापन र मूर्ती विसर्जनका सम्बन्धमा जिल्ला सुरक्षा समितिको मिति २०७८।०६।१७ गतेको निर्णयानुसार नजिकको इलाका / वडा प्रहरी कार्यालयसँग समन्वय गरी तोकिएका शर्तहरू पालना गर्नु / गराउनु हुन।

६. चाडपर्वका अवसरमा डि.जे. बजाउने, पटका पड्काउने जुवा तास खेल्ने, मादक पदार्थ सेवन गरी हो- हल्ला गर्ने, लागू औषध सेवन गर्ने जस्ता कार्यहरु नगर्नु / नगराउनु हुन।

७. चाडपर्वका अवसरमा चोरी, ठगी, कालोबजारी तथा अपराधिक क्रियाकलाप हुन सक्ने हुँदा कहिं कतै त्यस्तो क्रियाकलाप हुन लागेको वा भएको पाइएमा नजिकको प्रहरीलाई १०० नं. मा फोन गरी सूचना दिनु हुन वा जनप्रतिनिधी वा सुरक्षा निकायहरुलाई जानकारी गराउनु हुन ।

उल्लिखित बुँदाहरु कार्यान्वयनमा सबै राजनीतिक दल, स्थानीय तह, टोल संस्था, नागरिक समाज र संचार माध्यमबाट सहयोग गर्नु हुन हार्दिक अनुरोध गरिन्छ ।

२०७८।६।२२

चक्र पाणी पाण्डे
प्रमुख जिल्ला अधिकारी